केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/७/०७३/७४ मिति: २०७३/१०/१२

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

सम्मानित श्री सर्वोच्च अदालतको पूर्ण इजलाशबाट बैंक तथा वित्तीय संस्थाहरुले लिने जेथा जमानत एवं लिलाम सम्बन्धमा मिति २०७२/०९/१६ मा भएको फैसलाबाट सबै बैंक तथा वित्तीय संस्थाहरुका नाममा निम्नानुसारका १४ बुँदे निर्देशनहरु तत्काल कार्यान्वयन गर्न र सो सम्बन्धमा यस बैंकलाई अनुगमन गर्न भनी आदेश भएको हुँदा उपर्युक्त निर्देशनहरु तत्काल कार्यान्वयन गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. *धितो सुरक्षण वापत जमानी दिने जमानतकर्ताले ऋणीले लिने कति ऋण रकमको हकमा जमानतको कागज गरेको हो सो जमानतको अंकको सीमा तोकी सोही सीमा हदमा सीमित रही जमानतकर्ताको दायित्व स्पष्ट हुने गरी जमानतकर्ताको छुट्टै कागज गराउने ।*

२. *ऋणी तथा बैंक बीच वा जमानीकर्ता र बैंकबीच ऋण तथा जमानी सम्बन्धमा गरिएका लिखतहरुमा लेखिएका बेहोरा एवं शर्तहरु सहज रुपमा पढ्न सकिने ढाँचामा तयार गर्ने गराउने ।*

३. *जमानतकर्ताले कबुल गरेको भन्दा बढी अंकको दायित्व व्यहोर्नु पर्ने गरी प्रत्यक्ष वा परोक्ष रुपमा कागज नगराउने ।*

४. *जमानतकर्ताले कबुल गरेको दायित्व बमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असुल उपर गर्ने, सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निज जमानतकर्ताले दिएको सुरक्षण धितोबाट कानून बमोजिम लिलाम गरी असुल गर्न सकिने भनी जमानतको शर्तनामामा उल्लेख गर्ने ।*

५. *जमानतकर्ताले देखाएको सम्पत्ति धितो सुरक्षणको रुपमा स्वीकार गर्नुपूर्व कानूनी प्रक्रिया पूरा गरी कच्चा सम्पत्ति हो वा पक्का हो, त्यसको मूल्य के कति पर्ने हो, यथार्थ मूल्य खुल्ने गरी मूल्याङ्कन गर्नु पर्ने ।*

६. *जमानी दिनेले कबुल गरेको रकम बाहेक ऋणीका अन्य दायित्व सम्बन्धमा जमानी हुनेको सम्पत्तिबाट असूल उपर नगर्ने ।*

७. *जमानतकर्ताले कबुल गरेको दायित्वको रकम सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुलीको प्रक्रिया अगाडि बढाउने ।*

८. *जमानतकर्ताले कबुल गरेको जमानतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जमानत सुरक्षणमा राखेको सम्पत्ति फुकुवा गरिदिने ।*

९. *ऋणीले लिएको ऋण वापत जमानतको अंकको रकम जमानतकर्ताले दिएको धितो सुरक्षणबाट असुल उपर गर्नुपर्ने भएमा त्यस्तो सम्पत्तिको मूल्य निर्धारण गर्दा स्थानीय व्यक्तिहरुबाट*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

गराएको पञ्चेकीर्ते मूल्याङ्कन, प्राविधिकको मूल्याङ्कन, प्रचलित बजार मूल्य, मालपोत कार्यालयबाट निर्धारित मूल्य, धितो सुरक्षण स्वीकार गर्दा निर्धारित मूल्य समेतलाई मध्यनजर गरी मूल्य निर्धारण गर्ने गराउने गरी मापदण्ड बनाई लागु गर्ने ।

१०. वास्तविक र स्पष्ट आधार तथा कारण वेगर धितोको अवमूल्याङ्कित गरी मूल्य कायम नगर्ने ।

११. जमानतकर्ताले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सो पूर्व जमानतकर्तालाई निजले स्वीकार गरेको अंक हदको रकम दाखिला गर्नको लागि समय किटान गरी सूचना दिने ।

१२. जमानतकर्ताले तोकिएको सूचनाको समय सीमाभित्र जमानतपत्रमा आफूले मन्जुर गरेको रकम दाखिला गर्न नल्याएमा धितो सुरक्षणको सम्पत्ति लिलामको सूचना प्रकाशित गरी जमानतकर्तालाई समेत सोको सूचना प्रदान गर्ने ।

१३. बैंकले जमानत सुरक्षणमा रहेको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधिका सम्बन्धमा छुट्टै नियमावली वा कार्यविधि वा निर्देशिका तयार गरी अनिवार्य रुपमा लागु गर्ने ।

१४. जमानत सुरक्षणको सम्पत्ति लिलाम मितिभन्दा अगाडि वा लिलाम पश्चात् निश्चित समय सीमाभित्र जमानतपत्रको दायित्व बमोजिमको रकम दाखिला गर्न ल्याएमा बुझिलिई धितो फुकुवा गरी दिने ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।